आज मिति २०८३।०४।१५ गते शुक्रबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर गुरुङज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको कार्यालयमा कार्यपालिकाको आकस्मिक बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्ताबहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थितिः

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री दान बहादुर गुरुङ | गाउँपालिका अध्यक्ष |
| २. | | श्री माया सिलवाल | गाउँपालिका उपाध्यक्ष |
| ३. | | श्री सन्तबहादुर मगर | १ नं. वडा अध्यक्ष |
| ४. | | श्री पञ्चबहादुर प्रजा | २ नं. वडा अध्यक्ष |
| ५. | | श्री नरबहादुर नेपाल | गा.पा. प्रवक्ता एवं<br>३ नं. वडा अध्यक्ष |
| ६. | | श्री रुद्रप्रसाद उप्रेती | ४ नं. वडा अध्यक्ष |
| ७. | | श्री तेजबहादुर शेरचन | ५ नं. वडा अध्यक्ष |
| ८. | | श्री लक्ष्मण प्रजा | ६ नं. वडा अध्यक्ष |
| ९. | | श्री बमबहादुर थापामगर | ७ नं. वडा अध्यक्ष |
| १०. | | श्री अन्जु चेपाङ | कार्यपालिका सदस्य |
| ११. | पार्वती | श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य |
| १२. | | श्री टेकमाया गुरुङ | कार्यपालिका सदस्य |
| १३. | | श्री परिमाया कामी | कार्यपालिका सदस्य |
| १४. | | श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य |
| १५. | | श्री शंखबहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १६. | | श्री चन्द्रकान्त बस्नेत | सदस्य-सचिब |

अन्य उपस्थितिः

१. वासु पण्डित, वरिष्ठ शाखा अधिकृत

२. कमल राउत, ईन्जिनियर

३. विपना सूर्यवंशी, सहायक लेखा अधिकृत

इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
इच्छाकामना-४, कुरिनटार चितवन
बागमती प्रदेश, नेपाल

## कार्यपालिका बैठकको प्रस्ताव पेश कार्यसूची

बैठक संख्याः ७३
अध्यक्षताः श्री दानबहादुर गुरुङ, गाउँपालिका अध्यक्ष
बैठक मितिः २०८३।०४।१५
बैठक स्थानः इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार।
बैठक समयः विहान ११:०० बजे

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८३।०४।१५ | ११:०० बजे | आ.व. २०८३।०८४ को लागि गाउँपालिकास्तरीय दररेट स्वीकृत गर्ने सम्बन्धमा। | पूर्वाधार विकास शाखा | १ |
| २०८३।०४।१५ | ११:०५ बजे | विपद्जन्य घटनाबाट प्रभावितहरुलाई राहत तथा सहयोग उपलब्ध गराउने सम्बन्धमा। | आर्थिक प्रशासन/जिन्सी शाखा | २ |
| २०८३।०४।१५ | ११:१० बजे | गाउँपालिका अध्यक्षस्तरीय निर्णयहरु अनुमोदन सम्बन्धमा। | प्रशासन शाखा | ३ |
| २०८३।०४।१५ | ११:१५ बजे | स्थानीय सडकहरुमा सडक सरसफाईकर्मी राख्ने सम्बन्धमा। | पूर्वाधार विकास शाखा | ४ |
| २०८३।०४।१५ | ११:२० बजे | माथिल्लो डुँडे तल्लो डुँडे धोद्रेबाँच खानेपानी तथा सरसफाई योजनाको म्याद थप सम्बन्धमा। | योजना शाखा | ५ |
| २०८३।०४।१५ | ११:२५ बजे | बाखा पालन प्रवर्द्धन कार्यक्रम कार्यान्वय कार्यविधि, २०८१ को संशोधन सम्बन्धमा। | पशुपन्छि विकास शाखा | ६ |
| २०८३।०४।१५ | ११:३० बजे | एकीकृत सामुदायिक भवन लेवाटारको गेट निर्माण तथा भवन समुद्घाटन कार्यक्रमको लागि आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | ७ |
| २०८३।०४।१५ | ११:३५ बजे | कार्यालयले भाडामा प्रयोग गरिरहेको स्कर्पियो गाडीको करार सम्झौताको म्याद थप सम्बन्धमा। | प्रशासन शाखा | ८ |
| २०८३।०४।१५ | ११:४० बजे | ५०% लागत साझेदारीमा केराउको बीउ उपलब्ध गराउने सम्बन्धमा। | कृषि विकास शाखा | ९ |
| २०८३।०४।१५ | ११:४५ बजे | गोपी कृष्ण ट्रेडर्स खैरहनी न.पा.-३, चितवनसँग भएको फोहरमैला व्यवस्थापन सम्झौता अन्त्य गर्ने सम्बन्धमा। | स्वास्थ्य शाखा | १० |
| २०८३।०४।१५ | ११:५० बजे | एपोलो मुग्लिङ्ग युथ एशोशियसन, इच्छाकामना-५, मुग्लिङ्गद्वारा आयोजना गर्न लागिएको फूटबल प्रतियोगितालाई आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा। | शिक्षा, यूवा तथा खेलकुद शाखा | ११ |

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय इच्छाकामना-४, कुरिनटार चितवन बागमती प्रदेश, नेपाल

<u>पूर्व बैठकको समीक्षा</u>

मिति २०८३।०३।०७ मा बसेको ७२ औं कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो। कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाइयो।

**<u>मिति २०८३।०४।१५ मा बसेको ७३ औं कार्यपालिका बैठकको निर्णयहरु:</u>**

<u>निर्णय नं.१:</u> पूर्वाधार विकास शाखाले आ.व. २०८३।०८४ को लागि तयार गरी पेश गरेको गाउँपालिकास्तरीय "दररेट विश्लेषण" स्वीकृत गर्ने।

<u>निर्णय नं.२:</u> २०८३ साल श्रावण महिनाको ३ गते राती परेको अविरल बर्षाको कारण फिस्लिङ-इच्छाकामना सडक अन्तर्गत फिस्लिङ बजार नजिकै बाढिले सडकको डिल भत्काई सडकमा क्षति पुगेको र घरहरुमा समेत बाढि पसेर क्षति गरेकोले उक्त भत्केको सडक मर्मत बापतको प्राविधिक स्टिमेट एवं मूल्याङ्कन अनुसारको खर्च गाउँपालिकाले "प्रकोप व्यवस्थापन कोष" शिर्षकबाट भुक्तनी दिने साथै बाढिबाट प्रभावित घरपरिवारलाई राहत तथा आर्थिक सहयोग "उद्दार राहत तथा पुनर्स्थापना खर्च" शिर्षकबाट प्रति घरपरिवार बढिमा रु.३०,०००।- (अक्षरेपि तीस हजार मात्र) उपलब्ध गराउने।

<u>निर्णय नं.३:</u> गाउँ कार्यपालिकाको कार्यालय समेत र ४ नं. वडा कार्यालय समेतलाई विपक्षी बनाई दायर भएका मुद्दाहरुको प्रतिरक्षा गर्न भएका तपसिलका गाउँपालिका अध्यक्षस्तरीय निर्णयहरु अनुमोदन गर्ने।

(क) बागमती प्रदेश, चितवन जिल्ला, कालिका नगरपालिका वडा नं. २ पदमपुर स्थित रहेको किंगफिसर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.को तर्फबाट अख्तियार प्राप्त ऐ. किंगफिसर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. का सदस्य लाल बहादुर तामाङको वारेस हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ११ बस्ने कविता गिरीको तर्फबाट पेश भएको रिट निवेदनका सम्बन्धमा श्री उच्च अदालत पाटन, हेटौंडा ईजलाशबाट जारी भएको सूचना म्याद रिट निवेदन नं. ०८२-WO-०१२० (रिट) का सम्बन्धमा साथै ऐ. किंगफिसर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. का सदस्य लाल बहादुर तामाङले श्री चितवन जिल्ला अदालतमा मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा १५६ बमोजिम अन्तरकालिन आदेश जारी गरी पाउँ भनी दायर गरेको मुद्दा (०८२-CP-२१९४) का सम्बन्धमा अदालतमा उपस्थित हुने, कानून व्यवसायी नियुक्त गरी प्रतिरक्षा गर्ने, लिखित जवाफ पेश गर्ने लगाएतका सम्पूर्ण कार्य गर्न यस कार्यालयका तर्फबाट गुल्मी जिल्ला, इस्मा गाउँपालिका, वडा नं. ४ (साविक दोहली गा.वि.स. वडा नं. ८, गुल्मी), बर्ष ४० का हाल यस गाउँ कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकिय अधिकृत (रा.प. तृतीय, शाखा अधिकृत) श्री चन्द्रकान्त बस्नेतलाई अख्तियारी प्रदान गर्ने।

(ख) Simon Neumann का संरक्षक Germany स्थायी ठेगाना भएका Clemens Nikolaus Neumann का तर्फबाट पेश भएको रिट निवेदनका सम्बन्धमा श्री उच्च अदालत पाटन, हेटौंडा ईजलाशबाट जारी भएको सूचना म्याद रिट निवेदन नं. ०८२-WO-०१२८ (रिट) का सम्बन्धमा अदालतमा उपस्थित हुने, कानून व्यवसायी नियुक्त गरी प्रतिरक्षा गर्ने, लिखित जवाफ पेश गर्ने लगाएतका सम्पूर्ण कार्य गर्न यस कार्यालयका तर्फबाट स्याङ्जा जिल्ला, चापाकोट नगरपालिका, वडा नं. ८, बर्ष ३७ का हाल यस गाउँपालिका अन्तर्गतको ४ नं. वडा कार्यालयका वडा सचिव (प्रशासन सहायक, चौथो तह) श्री बालकृष्ण भण्डारीलाई अख्तियारी प्रदान गर्ने।

<u>निर्णय नं.४:</u> इच्छाकामना गाउँपालिकाको ६ र ७ नं. वडामा पर्ने मुख्य ग्रामिण सडकहरु बर्षाको समयमा बाढी तथा पहिरोको कारण बेलाबेलामा अबरुद्ध भइरहने हुनाले नालीबाट पानी कटाउने, खाल्टाखुल्टी पुर्ने, सानातिना पहिरो तथा अवरोधहरु हटाई सडकलाई बर्षाको समयमा पनि नियमित सुचारु गर्नको लागि २०८३ श्रावण १ गते देखि लागू हुनेगरी २०८३ भदौ मसान्तसम्मको लागि शनिबार बाहेक अन्य दिनहरुमा दैनिक ज्यालादारीमा काम गर्ने

दाउ बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

गरी ६ नं. वडा कार्यालयबाट सिफारिस भई आएका व्यक्ति बिर बहादुर गुरुङ, इ.गा.पा.-६, चितवन र अम्मर बहादुर गुरुङ, इ.गा.पा.-६, चितवन एवं ७ नं. वडाबाट सिफारिस भई आएका व्यक्ति मिलन गुरुङ, इ.गा.पा.-७, चितवनलाई सडक सरसफाईकर्मी (Length Worker) को रुपमा काममा लगाउने।

निर्णय नं.५: वाइन टु वाटर नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा इच्छाकामना गाउँपालिकाद्वारा ३ नं. वडामा सञ्चालित माथिल्लो डुँडे तल्लो डुँडे धोद्रेबाँच खानेपानी तथा सरसफाई योजनाको म्याद प्रथम पटकको लागि मिति २०८३।०९।१५ गतेसम्मको लागि थप गर्ने।

निर्णय नं.६: बाख्रा पालन प्रबर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ मा प्रथम पटकका लागि देहाय बमोजिम संशोधन गर्ने।

देहायः

(क) कार्यविधिको परिच्छेद-४: कार्यक्रम र कार्य सञ्चालन प्रकृया अन्तर्गत ५.२(ट) को "५० प्रतिशत" भन्ने शब्दहरुको सट्टा "न्यूनतम २० प्रतिशत" भन्ने शब्दहरु राख्ने।

(ख) कार्यविधिको परिच्छेद-७: विविध अन्तर्गत ८.१ को "कम्तिमा ५ बर्ष" भन्ने शब्दहरुको सट्टा "कम्तिमा २ बर्ष" भन्ने शब्दहरु राख्ने। साथै वाक्यको अन्तिममा "तर विपद्जन्य घटनाको विषयमा कार्यालयले थप निर्णय गर्न सक्नेछ।" भन्ने वाक्यांश थप गर्ने।

निर्णय नं.७: ४ नं. वडाको एकीकृत सामुदायिक भवन लेवाटारको गेट निर्माण गर्न ४ नं. वडा तर्फको निर्मित सार्वजनिक सम्पत्तिको मर्मत संभार खर्च शिर्षकबाट रु.५०,०००।- (अक्षेरपि पचास हजार मात्र) तथा भवन समुद्घाटन कार्यक्रमको लागि गाउँपालिका तर्फको अन्य सहायता शिर्षकबाट बढिमा रु. ५०,०००।- (अक्षेरपि पचास हजार मात्र) सहयोग उपलब्ध गराउने।

निर्णय नं.८: कार्यालयले भाडामा प्रयोग गरिरहेको रत्ननगर नगरपालिका-१०, चितवनका श्री ठाकुर प्रसाद शर्माको नाममा रहेको BAE 7538 नम्बरको स्कर्पियो गाडीको करार सम्झौताको म्याद २०८३ साल असोज मसान्त सम्मको लागि थप गर्ने।

निर्णय नं.९: ६ नं. वडाको इनारपानी कृषक समूहको लागि ७४३ के.जी. र तुन्तेष माझगाउँ कृषक समूहको लागि ३४० के.जी. गरी जम्मा १०८३ के.जी. केराउको बिउ खाद्य सुरक्षाको लागि तरकारी खेती प्रबर्द्धन कार्यक्रम शिर्षकबाट ५०% लागत साझेदारीमा उपलब्ध गराउने।

निर्णय नं.१०: इच्छाकामना गाउँपालिका र गोपी कृष्ण ट्रेडर्स खैरहनी न.पा.-३, चितवन बीच मिति २०८२।०८।११ गते फोहरमैला व्यवस्थापन सम्बन्धी सम्झौता भएकोमा गोपी कृष्ण ट्रेडर्सले सम्झौतामा उल्लिखित शर्त बमोजिम कार्यसम्पादन गरेको नपाइएकोले मिति २०८३।०४।१५ देखि लागू हुने गरी उक्त दुईपक्षीय सम्झौता अन्त्य गर्ने। फोहरमैला व्यवस्थापनको लागि गाउँपालिकाले अर्को सूचना प्रकाशित गरी प्रकृया अगाडि बढाउने र नयाँ प्रकृयाद्वारा फोहरमैला व्यवस्थापनको टुङ्गो नलागेसम्म गाउँपालिकाले नै फोहरमैला व्यवस्थापनको व्यवस्था मिलाउने।

निर्णय नं.११: एपोलो मुग्लिङ्ग युथ एशोशियसन, इच्छाकामना-५, मुग्लिङ्गले भाद्र ११ गते देखि १४ गते सम्म आयोजना गर्न लागेको फूटबल प्रतियोगितालाई आर्थिक सहयोग स्वरुप बढिमा रु.२,००,०००।-(अक्षेरपि दुई लाख मात्र) प्राप्त बिल भर्पाईका आधारमा अध्यक्षसँग यूवा, खेलकुद तथा पत्रकार कार्यक्रम शिर्षकबाट उपलब्ध गराउने।

दल बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष